जनहितमा जारी

अग्रपङ्क्तिमा काम गर्ने सफाइकर्मी, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी तथा सञ्चारकर्मीलाई सहयोग गरौं ।

समर्पण सेवा संस्था

PRATEEK DAILY

राष्ट्रिय ‘क’ वर्ग

# प्रतीक दैनिक

prateekdaily.com

श्रमिकहरूको मौलिक अधिकारको सम्मान गरौं, सबै प्रतिष्ठानले न्यूनतम पारिश्रमिक प्रदान गर्न आनाकानी नगरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ कात्तिक १८ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2020 November 03 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ७३

## पर्साको ग्रामीण क्षेत्रमा होडबाजीमा विद्यालय सञ्चालन हुँदै

ओमप्रकाश चौधरी, सेढवा, १७ कात्तिक/

वीरगंज महानगरपालिकाले कात्तिक २३ गतेदेखि सामुदायिक तथा संस्थागत विद्यालय मापदण्ड पूरा गरी सञ्चालनमा ल्याउन अनुमति दिएपछि पर्सा जिल्लाका अन्य पालिकामा भने विनाइजाजत विद्यालयहरू सञ्चालनमा आउन थालेका छन् ।



जीराभवानी गाउँपालिका–३ मा रहेका बितो महतो जनता माविको अवस्था । तस्वीरः ओमप्रकाश चौधरी

सरकारले निर्णय गरेपछि प्रशासनिक कामको लागि विद्यालय खुलेको एक महीना बिते पनि पठनपाठन भएको थिएन । यो अवधिमा सखुवाप्रसौनी गाउँपालिकाले मात्र विद्यालय सञ्चालन गर्ने निर्णय गरेको थियो र हिजो कात्तिक १६ गतेदेखि त्यहाँका विद्यालयहरू सञ्चालनमा आएका छन् । ८ देखि १२ सम्मका कक्षा सञ्चालन गर्न पालिकाले स्वीकृति दिएको छ । तर पालिकाको स्वीकृतिबेगर जीराभवानी, पटेर्वासुगौलीलगायतका गापाहरूमा संस्थागत विद्यालयहरू धमाधम सञ्चालनमा आएका छन् ।

जीराभवानी गापाका संस्थागत विद्यालयहरू वर्णमाला स्कूल, मदर्सा एकेडेमी सञ्चालनमा आएका छन् । अहिले सञ्चालनमा आएका विद्यालयहरूले पूर्वतयारीविना विद्यालय सञ्चालन गरेका छन् । ७ महीनाको अवधिमा विद्यालयहरूको चौरमा घाँस उम्रेर ठूलठूलो भएको र कक्षाकोठा सरसफाइ गर्नुपर्ने भएको छ । स्वास्थ्य तथा सुरक्षा मापदण्डविना हतारमा विद्यालयहरू आफूखुशी सञ्चालनमा आउँदा अभिभावकहरू चिन्तित भएका छन् ।

चाडपर्वको समयमा शिक्षकहरूलाई तलब सुविधा उपलब्ध गराउन विद्यालय सञ्चालन गरेको केही अभिभावकहरूको आरोप छ । लामो समयदेखि विद्यालय बन्द भएपछि विद्यार्थीहरूको स्वास्थ्य समस्यालाई दृष्टिगत गरी तोकिएको मापदण्ड पूरा गरेर विद्यालय सञ्चालन गर्नुपर्नेमा त्यसो गरिएको छैन । केही विद्यालयले मात्र विसङ्क्रमित गर्ने, सरसफाइ गर्ने र विद्यार्थीहरूको लागि साबुन–पानीको व्यवस्था गरेका छन् । संस्थागत विद्यालयहरूमा स्वास्थ्य मापदण्ड पूरा गर्ने आधारहरू भएपनि ठूलो सङ्ख्यामा विद्यार्थी भएको सामुदायिक विद्यालयहरूमा यो कुरा समस्याको रूपमा रहेको छ ।

धेरैजसो विद्यालयमा सरसफाइ गरिएको छैन र तयारीको लागि कम्तीमा एक साता समय लाग्ने देखिन्छ । तर वीरगंज महानगरबाट शुरू भएको विद्यालय खोल्ने हल्लाले ग्रामीण क्षेत्रका संस्थागत, सामुदायिक विद्यालयहरू एकपछि अर्को खोल्ने होडबाजी चलेको छ ।

यसको अनुगमन स्थानीय पालिकाले गरेको छैन । पूर्वतयारीविना होडबाजीमा विद्यालय खोल्दा सम्भावित जोखिमले अभिभावकहरू चिन्तित भएका छन् ।

## निजगढको झरनामा आन्तरिक पर्यटकको ओइरो

राधेश्याम पटेल, वीरगंज, १७ कात्तिक/

मध्यतराईका पर्सा, बारा रौतहट जिल्लामा पर्ने चुरे क्षेत्रमा पर्यटकीय सम्भावना बढ्दै गएको छ ।



तस्वीरः प्रतीक

पर्साका ठोरी, पर्सा राष्ट्रिय निकुञ्ज, अमलेखगंज हात्तीसार, बाराको निजगढको शीतल झरना, मोहरी पार्क तथा रौतहटको बागमती किनारको नूनथरलगायतका ठाउँले चाडपर्व र बिदाका दिनमा पर्यटकलाई लोभ्याउने गरेको छ ।

दशैं, तिहारको बीचमा बाराको निजगढ नगरपालिका वडा नं ३ सिंगौलको शीतल झरनामा अहिले आन्तरिक पर्यटकहरूको ओइरो लाग्ने गरेको छ । दैनिक ५०–६० जना आन्तरिक पर्यटक झरनामा नुहाउन आउने गरेकोमा बिदाको दिन शनिवार करीब डेढ–दुई सयजना पर्यटक सो झरनामा पुग्ने गरेको स्थानीयहरू बताउँछन् । निजगढबाट उत्तरतर्फ लागेपछि बगरको तीनवटा खोला पार गरी एउटा डाँडा पार गरेपछि उक्त झरना आउँछ । यातायातको हिसाबले दुर्गम भएपनि झरनाको नजीकसम्म मोटरसाइकल जान्छ भने आधा घण्टा पैदल हिंडेपछि सो झरनामा पुग्न सकिन्छ ।

यसलाई सिंगौलको पीपलडारको झरना पनि भनिने गरिन्छ । वीरगंजबाट यति नजीकै झरनाको मज्जा लिन पाउँदा खुशी लागेको वीरगंजका मनोहर साह बताउँछन् । उनीसहित ६ जना साथीको समूह गत बिहीवार शीतल झरनामा नुहाएर वीरगंज फर्केका थिए । स्थानीय सरकारले उक्त पर्यटकीय गन्तव्यलाई संरक्षण र प्रवर्द्धन गरेको खण्डमा आन्तरिक र बाहिरी पर्यटक तान्न सकिने बारा होटल व्यवसायी सङ्घका अध्यक्ष मोहन शर्मा बताउँछन् । झरनासम्म पुग्न सडक भएमा, आसपास होटल, रेस्टुरेन्टको सुविधा भएमा वीरगंज तथा भारतीय पर्यटकलाई त्यहाँसम्म लग्ने सकिने होटल तथा पर्यटन व्यवसायी सङ्घ पर्साका अध्यक्ष हरि पन्त बताउँछन् ।

त्यसैगरी, पर्साको ठोरी र सुवर्णपुरमा होम स्टे, राई धारा, झुलुङ्गे पुल, बाराको अमलेखगंजमा कामिनी दह, पुरानो रेलवे टिकट घर, हलखोरिया जङ्गल, चकरीमा होम स्टे, निजगढको मोहरी पार्क, द्रुतमार्ग, बाराको विश्वप्रसिद्ध गढीमाई, रौतहटका विभिन्न पर्यटकीय गन्तव्यलाई समेटर टुर प्याकेज बनाएर पर्सा राष्ट्रिय निकुञ्जमा जीप सफारी, हात्ती सफारी, पशुपक्षी तथा वन्यजन्तुको लागि रामभौरीभाठालगायतका क्षेत्र विकास गरे पर्यटकीय विकास गर्न सकिने व्यवसायीहरूको भनाइ छ ।

## खेतीपातीमा आधुनिक प्रविधिको प्रयोग, मजदूरहरूलाई समस्या

प्रस, बिरुवागुठी, १७ कात्तिक/

लकडाउनअगाडि गाउँघरमा खेतीपाती गर्नको लागि मजदूरहरूको समस्या थियो भने अहिले लकडाउनपछि बेरोजगार भएका मजदूरहरूले रोजगार पाउन नसकेर समस्या झेलिरहेका छन् ।



कृषि कर्म गर्दै मजदूरहरू र हार्भेस्टरबाट धान कटानी हुँदै । तस्वीरः प्रतीक

मजदूरी गर्नेहरूको अभाव भएपछि खेतीपातीको लागि कृषिमा आधुनिकी प्रविधि भित्र्याइएको थियो । धान, गहुँ काट्नको लागि आधुनिक प्रविधिको प्रयोग पर्सा जिल्लामा शुरू भएको हो । मजदूरले भन्दा प्रविधिबाट खेतीपाती गर्दा सस्तो, सुविधाजनक हुने गरेकाले अहिले यसतर्फ किसानहरूको आकर्षण बढेको छ । तर योसँगै लकडाउन भएपछि बाहिर रोजगार गर्नेहरू गाउँघरमा बसेको र उनीहरूलाई अहिले यो कृषि प्रविधिको कारण रोजगार पाउन गाह्रो भएको छ ।

आधुनिक प्रविधिबाट खेतीपाती गरिएको कारण मजदूरहरू अहिले सङ्कटमा परेका छन् । पर्सागढी नगरपालिका–३ का विश्वनाथ माझीले आफूले खेती, मजदूरी गरेर जीविकोपार्जन गर्दै आएकोमा कृषि प्रविधि भित्रिएपछि रोजगारविहीन भएको बताए । अहिले साना किसानहरूले मात्र मजदूरहरूको प्रयोग गर्छन् । ठूला किसानहरूले प्रविधिको प्रयोग गरिरहेकाले मजदूरहरूको आवश्यकता कम हुने गरेको छ । मजदूर माझीले कृषिमा आधुनिक प्रविधिको प्रयोग बढेपछि आफूलाई दैनिक गुजारा गर्न पनि समस्या भएको बताए ।

## सूचना माग्दा चार घण्टा थुनिए

प्रस, वीरगंज, १७ कात्तिक/

सरकारी कार्यालयबाट सूचना माग्दा अभियन्ताहरूलाई जिल्ला प्रहरी कार्यालय पर्साले ४ घण्टा थुनेका छन् ।

जिल्ला आयुर्वेद कार्यलयमा भइरहेको भ्रष्टाचार छताछुल्ल भएपछि सूचना लिन निवेदन दर्ता गराउन गएका १२ जनालाई पर्सा प्रहरीले ४ घण्टा नियन्त्रणमा लिएर छोडेको ओमप्रकाश सर्राफले जानकारी दिए ।

आयुर्वेद कार्यालयमा आव २०७४/७५ र २०७५/७६ का आय/व्ययको विवरण, इन्धन खर्च तथा कर्मचारीहरूको योग्यता प्रमाणित प्रतिलिपिसहित स्थानीयहरूले निवेदन दर्ता गराउन खोज्दा प्रहरीले उनीहरूलाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय पर्सामा लगेको थियो । कार्यालयमा पुगेका अभियन्ताहरूलाई अध्ययनपछि दर्ता गर्छु भन्दै समय बिताएका कार्यालय प्रमुखले निवेदन दर्ता नगरी प्रहरी बोलाइ पक्राउ गराएको सर्राफले बताए ।

सूचना प्राप्त गर्ने मौलिक हक भएकोले सूचना लिन जाँदा प्रहरीले नियन्त्रणमा लिई थुन्नु मानव अधिकारको हनन भएको सर्राफले बताए ।

दुवै पक्षबीच छलफल गराइ

(बाँकी अन्तिम पातामा)



तस्वीरः प्रतीक

## बाख्रापालनबाट मनग्य आम्दानी

प्रस, बिरुवागुठी, १७ कात्तिक/

लकडाउनमा नेपालका विभिन्न स्थानमा रहेर काम गर्दै आएका र भारतमा वैदेशिक रोजगारमा गएकाहरू गाउँ फर्केपछि बाख्रापालनमा सक्रिय भएका छन् ।



तस्वीरः प्रतीक

गाउँघरमा बाख्रापालन गरेर उनीहरूले मनग्य आम्दानी गरिरहेका छन् । पटेर्वासुगौली गाउँपालिका–४ पटेर्वाका चन्द्रकिशोर चौधरीले लकडाउनमा रोजगारको सिलसिलामा बाहिर गएकाहरू घरमा आएर बाख्रापालनमा आकर्षित भएको बताए । उनले बैंकबाट ऋण लिएर गरिएको बाख्रापालनको आम्दानीबाट अहिले बैंकको सावाँ–ब्याज तिरेर घर खर्च पनि टरिरहेको बताए ।

पटेर्वासुगौली गापा–३ की सुनैनादेवी थरुनीले बाख्रापालन गरेर मनग्य आम्दानी भइरहेको बताइन् । उनले सानो बाख्रा पालेर बेच्दा १८ देखि २५ हजार रुपैयाँसम्ममा बिक्री हुने गरेको बताइन् । १३ वटा बाख्रा र ४ वटा बोका गरी १७ वटा बाख्रा उनीसँग छ ।

यसैगरी, टोलमा १० देखि १५ वटा बाख्रापालन गर्नेहरूको समूह पनि बढेको छ । पटेर्वासुगौली गापा–४ की चम्पा देवीले घरको काम गरेर बाख्रापालन गर्दै आएको बताइन् । उनले बाख्रापालनबाट पतिले भन्दा आफूले बढी आम्दानी गरिरहेको दाबी गरिन् ।

चम्पा देवीले बाख्रापालनबाट कम लगानीमा बढी कमाउन सकिने बताइन् । यसतर्फ अन्य महिलाहरू पनि सक्रिय हुनुपर्ने उनको भनाइ छ ।

घरायसी काम गरेर दिउँसो बाख्रालाई समय दिंदा पनि पुग्ने हुनाले यो व्यवसाय महिलाहरूको लागि उत्तम हुने उनको ठम्याइ छ ।

**परिवार घडीको सुईजस्तो हुनुपर्छ । कुनै सानो, कुनै ठूलो, कुनै सुस्त, कुनै तीव्र तर जब १२ बज्न थाल्छ, सबैजना साथ हुनुपर्छ ।**

**-विचारसार र सूक्तिहरू**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# सकिंदैछ सिम्रौनगढ

**ऐतिहासिक, धार्मिक तथा पौराणिक महत्त्व बोकेको सिम्रौनगढको अस्तित्व नामेट हुने अवस्थमा पुगेको छ । प्राचीनकालदेखि हजारौं वर्षसम्म निरन्तर राज्य प्रशासन सञ्चालनको मुख्यालयको रूपमा सिम्रौनगढको अस्तित्वलाई वर्तमान पुस्ताले नामेट पार्दैछ । बाराको सिम्रौनगढ नेपालको मात्रै नभएर सार्क क्षेत्रकै पुरातात्त्विक र ऐतिहासिक महत्त्वको स्थान हो । सार्क क्षेत्रको मानव सभ्यता, धर्म, समाजको विकासक्रम तथा इतिहासका खोज–अनुसन्धानकर्ताहरू कुनै न कुनै रूपमा सिम्रौनगढसँग जोडिन पुग्छन् । यस क्षेत्रको जानकारीविना अध्ययन, अनुसन्धान अधूरो र अपुष्ट हुन जान्छ । आजभन्दा करीब ८ सय वर्ष पहिलेसम्म सिम्रौनगढ राज्य सञ्चालन केन्द्रकै रूपमा थियो । त्यस बेला वर्तमान नेपाल, भारत, बङ्गलादेश, श्रीलङ्का, बर्मा, भुटान, पाकिस्तान क्षेत्रमा नाम चलेका प्रभावशाली १०/१२ वटा राज्यमध्ये सिम्रौनगढ पनि एक थियो । समय र राज्य गर्ने शासक एवं शासन व्यवस्था अनुसार यस क्षेत्रको नाम परिवर्तन भएको हुन सक्छ तर स्थान उही हो ।**

**वास्तुकलाका लागि भक्तपुरलाई प्रमुख मानिन्छ, तर भक्तपुरलाई पनि सिकाउने सिम्रौनगढ थियो । भक्तपुरको वास्तुकलामा सिम्रौनगढको ठूलो प्रभाव छ । त्यस बेला नै भक्तपुरका राजाले सिम्रौनगढ राज्यका धेरै परिवारलाई भक्तपुरमा बसोबास गराएका थिए । सिम्रौनगढका राजाले पनि भक्तपुर शहरलाई जोड्न भक्तपुर–बनेपा–सिन्धुली हुँदै बाटो बनाएको इतिहास छ । आज पनि सिम्रौनगढको नगर वास्तु भक्तपुरसँग हूबहू मिल्छ । भक्तपुर र सिम्रौनगढबीच अतिनिकट सम्बन्ध थियो । त्यसैले सिम्रौनगढको सीप र कला भक्तपुरले पायो । आजसम्म त्यही ऐतिहासिक कला र सीपको संरक्षण गर्न सकेको कारण भक्तपुर समृद्ध छ, स्वरोजगार छ, पर्यटनको केन्द्रबिन्दु बनेको छ अनि आत्मनिर्भर छ । सिम्रौनगढका अन्तिम कर्णाट वंशीय राजाहरूले मात्रै यस क्षेत्रमा करीब अढाई सय वर्ष राज्य गरेको इतिहास छ । विसं १३८१ मा दिल्लीका सम्राट ग्यासुद्दीन तुगलकले भीषण आक्रमण गरेर राज्य ध्वस्त बनाइदिएपछि यहाँका हरिसिंह देव सपरिवार भागेर उत्तरतर्फ लागेका थिए । सोमध्ये धेरैजना भक्तपुर पुगे भने केहीको बाटैमा ज्यान गयो । धार्मिक ग्रन्थ शतपथ ब्राह्मण ग्रन्थमा उल्लेख भए अनुसार पौराणिक विदेहकालमा नै सिम्रौनगढ अस्तित्वमा आएको हो । माधव विदेह र गौतम रहुगणले अनकन्टार जङ्गलमा आगो लगाएर कृषियोग्य जमीन बनाए, माधव विदेहले बस्ती बसाइ राज्य कायम गरे, सोही क्षेत्र सिम्रौनगढ हो । यो क्षेत्र वैदिक संस्कृतिको विशाल भण्डार रहेको विद्वान्हरूको मत छ ।**

**यति अमूल्य सम्पदालाई आज यहाँका बासिन्दा र यो मुलुकको सरकारको लागि 'बाँदरको हातमा नरिवल' भएको छ । प्राचीन मूर्ति र सम्पदाहरू बेवारिसे बनेका छन् । ऐतिहासिक तथा धार्मिक मठ, मन्दिर, पोखरी र सार्वजनिक जमीनहरू अतिक्रमणको चपेटमा छन् । माटो खोतल्नेबित्तिकै पुरातात्त्विक महत्त्वका वस्तु फेला पर्ने स्थानमा अनधिकृतरूपले जमीन उत्खनन गर्ने, निजी जमीनमा पोखरी खन्ने, नाला बनाउने, प्लटिङ गर्ने, माटो सम्याउने र जमीनको स्वरूपलाई नै परिवर्तन गरेर सिम्रौनगढको पहिचानलाई नामेट पार्ने कार्य गरिंदैछ । स्थानीय विनाशमा मस्त छन्, अनि सरकार तमाशे बनेको छ । यही क्रम जारी रहने हो भने केहीपछि सिम्रौनगढ सकिएर कुनै इतिहासको पानामा सीमित रहनेछ ।**

# अपराधको राजनीतीकरण र यसको परिणाम

स्वतन्त्र विचार



अधिवक्ता वीरेन्द्रप्रसाद यादव
wokil.birendra@gmail.com

**जसको सरकार छ, उसको जाहेरी सहज तरीकाले दर्ता हुने, जसको सरकार छैन, उसको जाहेरी दर्ता गराउन नै अदालत जानुपर्ने अवस्था छ । अहिले अधिकांश मुद्दामा अदालतबाट परमादेश आदेश जारी भएपछि मात्र जाहेरी दर्ता र अनुसन्धान हुन्छ, तबसम्म अपराधका सबै प्रमाण नष्ट भइसकेको हुन्छ ।**

सामान्यतया कानूनले गर्न नभनेको काम गर्नु अपराध हो । व्यक्तिको हकअधिकारविरुद्धमा कानूनविपरीतका काम गर्नु देवानी अपराध हो भने राज्य तथा समाजविरुद्धको अपराध गर्नु फौजदारी अपराध हो । सामान्यतया अंश लेनदेन, करार जग्गा सम्पत्तिसम्बन्धी विवादहरू देवानी प्रकृतिका अपराध हुन्, जसमा जसलाई मर्का परेको छ, उसैले न्यायको लागि अग्रसर हुनुपर्छ भने हत्या, बलात्कार, चोरी, डाँका, अपहरण गर्नुलगायतका अपराधहरू सरकार र समाजविरुद्धको अपराध भएकाले यिनीहरूलाई फौजदारी प्रकृतिको अपराध मानिन्छ ।

फौजदारी प्रकृतिमा विभिन्न किसिमका वर्गीकरण भएपनि सरकार वादी हुने अपराध र देवानी अपराधका दायरीदेखि फैसला कार्यान्वयनका कार्यविधिहरू फरक–फरक छन् । सजाय निर्धारण र सजाय भुक्तानीका कार्यविधिहरू पनि फरक–फरक छन् । यसैले देवानी तथा फौजदारी कार्यविधिहरू विधायिकाले अहिले छुट्टै व्यवस्था गरेको छ । देवानी प्रकृतिको अपराधमा पीडित पक्षलाई क्षतिपूर्ति तथा सम्पत्ति फिर्ताको सवाल महत्त्वपूर्ण हुन्छ भने फौजदारी प्रकृतिको अपराधमा सजायको सवाल महत्त्वपूर्ण हुन्छ । फौजदारी अपराधमा पहिला कसूर स्थापित हुनुपर्छ अनि कसूरको गम्भीरता अनुसार सजायको निर्धारण हुन्छ । सजायको निर्धारणपछि पनि सजाय कसरी भुक्तानी गराउने त्यसका प्रक्रियाहरू पनि फरक–फरक छन् । अपराध हुनुले मात्र सजायको सवाल उत्पन्न हुँदैन । अपराधमा अभियुक्तको संलग्नता र उसको कार्यको गम्भीरताको आधारमा सजाय गर्ने वा नगर्ने, गर्ने हो भने कति गर्ने सवाल उत्पन्न हुन्छन् । सजाय गरिसकेपछि पनि अपराधीलाई कैदमा राख्ने वा आर्थिक भार दिई कैद मुक्त गर्ने वा सजाय निलम्बन गर्ने वा सजाय माफी गर्ने वा अपराधीलाई समाजीकरण गर्ने वा खुला कारागारमा राख्ने सवालहरू उत्पन्न हुन्छन् ।

अहिलेको हाम्रो फौजदारी न्याय प्रणालीले उपरोक्त सबै विकल्प खुला राखेको छ । जुन मानव अधिकारमैत्री, विधिको शासनको जग तथा अन्तर्राष्ट्रिय अभ्यास मुताबिक छ । फौजदारी तथा देवानी अपराधका अनुसन्धान र मुदा दायरीमै भिन्नता रहेकामा देवानी अपराधमा मर्का पर्ने व्यक्तिले हदम्यादभित्र उजूर गरेन भने विलम्बको सिद्धान्त लगाइ उसलाई न्याय पाउँदैन । यसर्थ देवानी अपराधमा आफ्नो अधिकारप्रति आफैं सजग रहनैपर्छ । सुतेर बस्नेलाई कानूनले सहयोग गर्दैन तर फौजदारी अपराधमा राज्यको दायित्व हुन्छ ।

२०१७ सालभन्दा पहिले त यो न्यायालयको क्षेत्राधिकारभित्र थियो । पहिले अपराधको सूचना न्यायालयलाई दिइन्थ्यो । न्यायालयले आफ्नो न्यायिक प्रहरीमार्फत अनुसन्धान, तहकिकात गरी न्याय दिने गर्थ्यो । तर त्यस उप्रान्त सरकारको दायित्वभित्र राखियो, जसमा सरकारले फौजदारी अपराधको लागि अनुसन्धान गर्ने, अभियोजन दायर गर्ने, साक्षी, गवाहीलगायतका प्रमाण पेश गर्ने र न्यायालयले सजाय गर्ने वा सफाइ दिने काम गर्थ्यो तर अहिलेको कानूनले सरकारलाई जिम्मा दिएको छ । कानूनको अनभिज्ञता क्षमा नहुने र पहिले सुन्ने अनि थुन्ने जस्ता फौजदारी न्यायका मूलभूत मर्म पहिले पनि थियो र अहिले पनि छ ।

फौजदारी न्यायमा मिलापत्र नहुने पहिले पनि व्यवस्था थियो भने अहिले पनि छ । फौजदारी मुद्दा सरकारले दायर गर्ने वा नगर्ने र दायर गरेपछि फिर्ता लिने वा चलाउने अधिकार सरकारमा सुरक्षित छ । सजाय भइसकेपछि सजायको भुक्तानी गराउने वा माफी मिनहा गर्ने सरकारको सिफारिशमा राष्ट्रप्रमुखलाई छ । फौजदारी न्यायमा अपराधको अनुसन्धानको अधिकार, मुद्दा चलाउने वा नचलाउने अधिकार, मुद्दा फिर्ता लिने अधिकार तथा सरकारको सिफारिशमा सजायको माफी, मिनहा र मुल्तवी गर्ने अधिकारको कारण बढेको छ । जुन मानव अधिकार एवं विधिको शासनविपरीत छ ।

जघन्य अपराध समाजमा नै मिलापत्र हुने गरेको छ । जसको व्यापक विरोध हुन्छ । सरकारले यसमा शून्य सहनशीलताको घोषणा गरे पनि दैनिक हुने गरेको छ । यसको कारण पनि सरकारको कमजोरी नै हो । सरकारले जघन्य अपराधका अपराधीलाई माफी गर्ने गर्छ । सरकारले सजाय पाएको व्यक्तिलाई माफी दिएपछि उसका कार्यकर्ताले अपराधको अनुसन्धानमा रोक लगाउने गरी पञ्चायती गर्नु कुन ठूलो कुरा हो र । यसैको प्रतिफल हो, जघन्य अपराधमा पञ्चायती गर्नु राजनीतीकरण हो । यसअलाव फौजदारी अपराधको जाहेरी दर्तामा सरकारको राजनीतीकरण । जसको सरकार छ, उसको जाहेरी सहज तरीकाले दर्ता हुने, जसको सरकार छैन, उसको जाहेरी दर्ता गराउन नै अदालत जानुपर्ने अवस्था छ । अहिले अधिकांश मुद्दामा अदालतबाट परमादेश आदेश जारी भएपछि मात्र जाहेरी दर्ता र अनुसन्धान हुन्छ, तबसम्म अपराधका सबै प्रमाण नष्ट भइसकेको हुन्छ ।

अदालतले अनुसन्धानको आवश्यकता ठान्ने तर अनुसन्धान अधिकृतले नठान्ने अवस्थामा राजनीति छ । परमादेशबाट जाहेरी दर्ता गर्ने कुरामा जाहेरी लिन अस्वीकार गरेको कुनै पनि आधिकारिक प्रमुखलाई दायित्व वहन गराउन सकिएको छैन । जाहेरी यथाशीघ्र दर्ता गरी प्रमाण जोगाउने र अभियुक्तलाई नियन्त्रणमा लिने कानून र न्यायको पहिलो शर्त हो तर जाहेरी दर्ता गर्न नै आनाकानी गर्ने, अदालत जानलाई बाध्य पारी प्रमाण लोप गराउने कार्यबाट पनि कहीं न कहीं राजनीतीकरण हावी छ । जबकि फौजदारी अपराधमा जाहेरीलाई सूचनाको रूपमा मानेको छ । यो सूचना सरकार आफैंले सङ्ग्रह गरी अनुसन्धान गर्न सक्छ वा पीडित वा अरू कसैले दिएको सूचना मुताबिक अनुसन्धान जारी गर्न सक्छ ।

विशेषगरी सूचना पीडित केन्द्रित हुन्छ । अपराध कसले कसरी गरेको हो, त्यो सम्पूर्ण पीडितलाई जानकारी हुन्छ । अब पीडित अपराधीको नाम, थर, वतन, हुलिया दिई जाहेरी दर्ता गर्न गएपछि जाहेरी लिन अस्वीकार गरिन्छ । जुन कानूनविपरीत हो । या त पीडितको सूचनालाई ग्रहण गर्नुपर्छ, या त आफैं सूचना सङ्कलन गरी अनुसन्धान जारी राख्नुपर्छ । पीडितको सूचना गलत छ भने जाहेरी लिई अनुसन्धान गरी मुद्दा नचल्ने निर्णय गर्न सक्नुपर्छ । जाहेरी नै दर्ता नगर्ने परिपाटीले झन् अपराधमा राजनीतीकरण हुने गरेको छ । जाहेरी दर्ता गरेपछि मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने पहिलो अधिकार अनुसन्धान अधिकृतमा छ भने त्यसपछि सरकारी वकीलको । जाहेरी दर्ता गर्नेबित्तिकै अभियुक्तलाई हिरासतमैं राख्नुपर्छ भन्ने छैन । जमानीमा राखेर पनि अनुसन्धान गर्न सकिन्छ । यसर्थ जाहेरी दर्ता नै नगर्ने कार्यबाट अपराधमा राजनीतीकरण बढेकाले विधिको शासन कायम गर्न यस्ता प्रवृत्ति रोक्न जरुरी छ ।

# सचेत होऔं, सुरक्षित बसौं

नेपालीहरूको राष्ट्रिय चाड बडादशैं आउनु धेरै दिनअगावैदेखि हर्षोल्लास र विभिन्न चहलपहल शुरू हुने गर्दछ । वातावरणले पनि ऋतु परिवर्तनको अनूभूति गराउने गर्दछ । सरसफाइ, घर घरायसी किनमेल, नयाँ लत्ताकपडाका साथ अद्भुत खुशियालीले रोमाञ्चको अनुभूति गराउँछ । देश–विदेशमा रहेकाहरू आआफ्नो गाउँ–ठाउँ फर्कने जुक्ति गर्छन् ।

घटस्थापनादेखि शुरू हुने नवरात्रमा एकाबिहानै विभिन्न देवी मन्दिरमा श्रद्धालु, भक्तालु महिला, बालक, युवा वृद्धहरूको भीड लाग्न थाल्छ । वीरगंजमा बडादशैंको मेला परापूर्वकालदेखि चल्दै आएको, नवरात्रिभरि चल्ने रमझमको बाल्यावस्थादेखिको समय सम्झँदा छुट्टै आह्लाद प्राप्त हुन्थ्यो । मौसममा नम्रता र मिठास भरिएको लाग्दथ्यो । उखरमाउलो गर्मीबाट मौसमको रूप फेरिंदै परिवर्तनको मिठास आउन थाल्दथ्यो । बिहानै उठ्दा आँखामा किचरा लाग्दा मौसम चिसो हुन थालेको सहज अनुमान हुन थाल्दथ्यो, त्यसपछि चाडबाडको चहलपहल, रौनकले मन भित्रदेखि प्राकृतिकरूपमा उत्साह र उमङ्गले भरिदिन्थ्यो । बजारको भीडमा मिसिएर नयाँ लुगा, घरायसी सामान किनमेल, जोडजाम गरेरै किन नहोस्, गर्दाको अनुभूति कुनै युद्ध जितेझैं लाग्दथ्यो ।

बिहानै उठेर देवीमाताको दर्शन गर्न विभिन्न मन्दिरहरूमा सफा लुगा लगाइ चिटिक्क परी जाने गरिन्थ्यो, साथीहरूसित दिनभरि मेला घुम्ने, दिनभर भीडमा नै रमाउने गरिन्थ्यो । विभिन्न गाउँठाउँ, वरिपरिका मानिस बजार आउन थाल्थे, मुख्य सडकका दुवैतिर फूटपाथमा पछि बिस्तारै मुख्य सडकसम्म पसलहरू फिजिन्थे । पूजा र घरायसी




तस्वीर: सौजन्य

कामका लागि माटाका भाँडाहरू बेच्ने पसल राखिन्थ्यो । अन्य खानेकुरालगायत केटाकेटीहरूका लागि बाजा, खेलौनाजस्ता विभिन्न सामग्रीका पसल पनि फूटपाथमा लगाउने गर्दथे ।

हाम्रो मधेसको प्रख्यात खाजा भुजा, पकौडी, जिलेबी, गाजा खासगरी मलाई मनपर्ने जिलेबी मुख्य सडकमा नै अगाडि तात्तातो बनाउँथे, खाउँखाउँजस्तो लाग्थ्यो, शहरमा अबेर रातसम्म चहलपहल हुन्थ्यो, मेला नै लाग्थ्यो । भीड, घुइँचो र ठेलमठेलमा पनि एउटा आनन्द र हर्ष मिल्दथ्यो, बच्चाहरूको लागि खेलौना, बाँसुरी, बैलुन आदिको चलताफिरता पसल साइकल वा व्यक्तिले नै बोकेर बेच्ने गर्दथे ।

बिस्तारै युवावस्थामा प्रवेश गरेपछि सजगता आउँदा भीड देखेर अचम्म लाग्थ्यो, बाटोको जामले कहिलेकाहीं आवश्यक कामले बजार आउनुपर्दा दुःख द्विविधा अनुभव हुन्थ्यो, अप्ठेरो पनि हुन्थ्यो । समस्या थियो, तापनि उहिलेदेखिको परम्परा कसरी बन्द गर्ने ? योसँग धेरै धार्मिक, सामाजिक आस्था र मान्यता जोडिएका छन्, बरु वैकल्पिक बाटो नहुँदा कुनै समस्या, दुर्घटनामा अस्पताल पुऱ्याउन, औषधि उपचार गराउन गाह्रो हुने गर्दथ्यो । अब वैकल्पिक बाटो तथा अन्य निजी अस्पताल तयार भइसक्यो । सरकारी अस्पताल पहिलेदेखि नै यस भीड र हुल स्थलभन्दा टाढा भएकोले बीच सडकमा करीब हप्ता दिनसम्म लाग्ने मेलाले अप्ठ्यारो बेलामा धेरै नै सकस पार्दथ्यो ।

यसपालि भने कोरोना महामारीले गर्दा परापूर्वकालदेखि लाग्दै आएको सडकपसल, पूजा–आराधना, बलि सबै यस प्राकृतिक विपताले गर्दा लगभग शून्यजस्तो रह्यो । विगत नौ महीनादेखि कोरोना महामारीले गर्दा विश्वभरि नै करोडौं मानिस सङ्क्रमित, लाखौंको मृत्यु, सबै व्यापार–व्यवसाय, उद्योगधन्दा चौपट भएको अवस्था छ, बालबालिका तथा विद्यार्थीहरूको शिक्षादीक्षा बन्द, जीवनचक्र ठप्पप्रायः छ, जीवनशैली नै फेरिएको छ । यसैबीच वैशाखदेखि हालसम्म विभिन्न चाडपर्व घरमैं बसेर सुरक्षित रहेर, चाहे–नचाहेर मनाइयो, यो पालिको बडादशैं पनि यसैगरी मनाइयो, सरकार तथा राज्यको स्वास्थ्य निर्देशन अनुसार घरमैं बसेर पूजापाठ, आराधना, एकाघर परिवारमा बसेर टीका थापियो । विगतझैं कसैलाई निम्त्याउनु र कसैकोमा जानु पनि सकिएन । राष्ट्रिय चाड भए तापनि सचेत र सुरक्षित बस्नुपऱ्यो । दशैंपछि आउने दीपावली, भाइटीका तथा छठ पर्व आउने क्रममा छन् ।

अहिले वीरगंजको अवस्था विगत दुई महीनादेखि कोरोनाबाट केही सुरक्षित रहेकोजस्तो बुझिएको छ, तर भन्न सकिंदैन भोलि कस्तो अवस्था होला । देशका विभिन्न ठाउँमा, खासगरी राजधानी काठमाडौंमा तथा अन्य ठाउँहरूमा कोरोना सङ्क्रमण गहिरिंदो छ । सरकारले पनि पटक–पटक जो जहाँ छ, सुरक्षित भएर चाडबाड मनाउन, जीउ–ज्यान सुरक्षित रहे अर्को वर्ष चाड मनाउन पाइन्छ भन्ने अपील गरेको छ । शक्तिपीठहरू बन्द छन्, बाहिरैबाट दर्शन गर्ने व्यवस्था छ । बजारमा किनमेल तथा घूमघाम हुँदैछ, मास्कको प्रयोग पनि कमै देखिएको छ । यस्तोमा प्रार्थना गरौं, सबै राम्ररी बितोस् । कुनै दुःखदायी कुरा सुन्न र देख्न नपरोस् । भगवान्सित सम्पूर्ण विश्वको कल्याण, सबैको निरोगिता, स्वस्थता तथा सफल जीवनको लागि सबै मिलेर प्रार्थना गरौं ।

**–जसपाल सिंह, श्रीपुर, वीरगंज**

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिकी चुनावः बाइडेनको अग्रता कायमै

वाशिङ्टन, १७ कात्तिक/एएनआई

अमेरिकी राष्ट्रपतिको चुनावको तिथि जति नजीकिँदै गएको छ, चुनावी मत सर्वेक्षणले राष्ट्रपतिका दुई प्रतिस्पर्धीमध्ये डेमोक्रेटिक पार्टीका उम्मेदवार जो बाइडेनले अग्रता कायम राखेको देखाएका छन्।

अमेरिकी राष्ट्रपतिको चुनाव यही नोभेम्बर ३ अर्थात् मङ्गलवार हुँदैछ।

पछिल्ला अधिकांश मत सर्वेक्षणहरूले जो बाइडेनले वर्तमान राष्ट्रपति डोनाल्ड ट्रम्पभन्दा झन्डै १० प्रतिशत बिन्दुले अग्रता बनाइरहेको देखाएका छन्।

एनबिसी न्यूज र वालस्ट्रिट जर्नलले चुनाव हुनु दुई दिनअघि गरेको सर्वेक्षणमा बाइडेनले ५२ र ट्रम्पले ४२ प्रतिशत मत प्राप्त गर्ने जनाएको छ। एनबिसीका अनुसार चुनावी मत सर्वेक्षणमा सहभागी बिल म्याकइन्टर्फले राष्ट्रव्यापी मत सर्वेक्षणमा १० प्रतिशत अग्रता बनाए पनि चुनावी परिणामका बारेमा यसै भन्न नसकिने अवस्था रहेको बताएका छन्।

चुनावअघिको मत सर्वेक्षणमा बाइडेनले ट्रम्पभन्दा ६ प्रतिशत बिन्दुले मात्र अग्रता बनाइराखेको देखाएका थिए। चुनावी नतीजालाई फेरबदल गर्न सक्ने मुख्य राज्यहरूमा एरिजोना, फ्लोरिडा, जर्जिया, आयोवा, मेन, मिसिगन, मिनेसोटा, नर्थ क्यारोलिना, न्यू ह्याम्पसायर, नेभाडा, पेन्सिलभेनिया र विस्कन्सिन रहेका छन्।

गत अक्टोबर २९ देखि ३१ तारिखसम्मको मत सर्वेक्षणले ५७ प्रतिशत मतदाताले कोरोना भाइरस सङ्क्रमण नियन्त्रणका लागि राष्ट्रपति ट्रम्पको कार्यशैलीलाई नरुचाएको देखाएका छन्। तर अर्थतन्त्रका सन्दर्भमा राष्ट्रपति ट्रम्पलाई झन्डै ५५ प्रतिशतले समर्थन जनाएका छन्।

चुनावी नतीजा उलटफेर गर्न सक्ने "ब्याटल ग्राउन्ड" नाम दिइएका केही राज्यहरूमा मतदातालाई आफूतिर तान्न राष्ट्रपतिका दुवै आकाङ्क्षीले अन्तिम चुनावीसभाहरू गरिरहेका छन्।

अमेरिकी चुनाव परियोजनाका अनुसार आइतवार दिउँसोसम्म ९ करोड ३० लाखभन्दा बढी अमेरिकीले मतदान गरिसकेका छन्। यो सङ्ख्या सन् २०१६ मा गणना गरिएको कुल मतको झन्डै ६८ प्रतिशत हो। रासस

## अल्जेरियामा नयाँ संविधानका लागि मतदान, विपक्षीको बहिष्कार

अल्जियर्स, १७ कात्तिक/एपी

अल्जेरियामा संशोधिन संविधानलाई स्वीकृत गर्ने वा नगर्ने भन्ने विषयमा आइतवार जनमत सङ्ग्रह सम्पन्न भएको छ। तर संविधान संशोधनसम्बन्धी प्रस्तावले जनचाहनालाई सम्बोधन गर्न असफल रहेको भन्दै विपक्षीले बहिकार गरेका छन्।

संविधान संशोधन पक्षधरहरूले राष्ट्रपतिको कार्यकाल सीमित गर्ने, नयाँ स्वतन्त्रताहरू प्रदान गर्ने तथा लोकतन्त्र पक्षधरहरूका मागलाई सम्बोधन गर्ने विश्वास लिएका छन्।

चुनावमा निकै सानो सङ्ख्यामा मानिसले मतदान गरेका छन्। विपक्षीहरूले संविधान संशोधनका सन्दर्भमा प्रचारप्रसार गर्न, टेलिभिजन वा रेडियोमा बहस गर्न नदिएको तथा सभास्थलहरूमा मानिसलाई जमघट हुन नदिइएको आरोप लगाएका छन्।

जनमत सङ्ग्रहको नतीजा सोमवार घोषणा गरिनेछ। निर्वाचन आयोगका अनुसार यस जनमत सङ्ग्रहमा कुल मतदातामध्ये २३.७ प्रतिशतले मात्र मतदान गरेका थिए। आयोगका अध्यक्ष मोहमद चार्फीले कोरोना भाइरसको त्रासका कारण पनि मतदान कम भएको बताए। जनमत सङ्ग्रहलाई वैधानिक ठह्याउन यति मतदान हुनैपर्छ भन्ने कुनै बाध्यकारी व्यवस्था अल्जेरियामा छैन।

संविधान संशोधनको पछिल्लो प्रस्तावमा अल्जेरियाली सैनिकलाई राष्ट्रसङ्घ वा अफ्रिकी युनियनका शान्ति मिसनमा खटाउन सकिने प्रावधान समेटिएको छ। अल्जेरियामा सेनाको भूमिका सधैं प्रमुख रहँदै आएको छ। सैनिक प्रमुख जनरल सइद बेन्ग्रिहले संविधान संशोधनको पक्षमा देशव्यापी प्रचार गरेका थिए।

गत डिसेम्बरमा निर्वाचित राष्ट्रपतिले संविधान संशोधन गर्ने प्रतिबद्धता जनाएका थिए। संशोधित प्रावधान अनुसार राष्ट्रपति र संसद्का सदस्यहरूको पदावधि दुई कार्यकालभन्दा बढी नहुने तथा राष्ट्रपतिका कतिपय अधिकार प्रधानमन्त्रीलाई दिने भनिएको छ। रासस

## फिलिपिन्समा आँधीबाट १६ जनाको मृत्यु

मनिला, १७ कात्तिक/सिन्हवा

फिलिपिन्समा आएको "गोनी" नामको आँधीका कारण यहाँका कम्तीमा पनि १६ जनाको मृत्यु भएको बताइएको छ। यहाँका अरू केही जना व्यक्ति सो आँधीका कारण बेपत्ता भएका छन्। दक्षिणी फिलिपिन्सको आइपुइ लुजनको मुख्य टापूमा शक्तिशाली आँधी आएको छ।

सो आँधीका कारण अल्बे प्रान्तका मात्र १० जनाको ज्यान गएको बताइएको छ। यहाँको क्यान्डुआनेस टापूमा अरू केही मानिसको मृत्यु भएको अन्तर्राष्ट्रिय समाचार संस्थाहरूले जनाएका छन्।

यहाँको दक्षिणी क्षेत्र बढी प्रभावित भएको बताइएको छ। यस क्षेत्रका मात्र करीब चार लाख सर्वसाधारण विस्थापित भएका फिलिपिन्सको विपद् व्यवस्थापन विभागका कर्मचारीले जनाएका छन्।

यस आँधीबाट विस्थापितहरू अधिकांश सरकारी आवासहरूमा बस्दै आएको अधिकारीहरूले जनाएका छन्।

यो आँधी करीब २२५ किलोमिटर प्रतिघण्टाको रफ्तारमा आएको बताइएको छ। यसले यहाँका विभिन्न भौतिक संरचनाहरूमा क्षति पुऱ्याएको सरकारी अधिकारीहरूले जनाएका छन्।

आँधीका कारण पहाडी क्षेत्रमा पहिरोसमेत गएको छ। यसका कारण विभिन्न राजमार्ग अवरुद्ध भएका बताइएको छ।

गोनी यस वर्ष फिलिपिन्समा आएको १८औं आँधी रहेको मौसम विभागले जनाएको छ। केही दिन मात्र पनि यहाँ आएको मोलाभ आँधीमा परेर २० जनाभन्दा बढीको मृत्यु भएको थियो। रासस

## न्यूजील्यान्डको मन्त्रिपरिषद् विस्तार

वेलिङ्टन, १७ कात्तिक/एएनआई

न्यूजील्यान्डका प्रधानमन्त्री जेसिन्डा आर्डेनले सोमवार नयाँ मन्त्रिपरिषद्को घोषणा गरेकी छन्। निकै विविधतापूर्ण मानिएको यस मन्त्रिपरिषद्मा पूर्वअर्थमन्त्री ग्रान्ट रोबर्टसनलाई उपप्रधानमन्त्री बनाइएको छ।

रोबर्टसनले आफूलाई समलिङ्गी भएको भन्दै खुलारूपमा बताउने गरेका छन्। उनलाई अर्थ मन्त्रालयको कार्यभार दिइएको छ।

बीस सदस्यीय मन्त्रिपरिषद्मा महिला र माओरी समुदायका व्यक्तिलाई पनि राम्रो स्थान दिइएको छ। माओरी समुदायमा प्रचलित परम्परागत टाटु चिउँडोमा खोपेकी ननैया महुतालाई विदेशमन्त्रीको जिम्मेवारी दिइएको छ।

गत अक्टोबरमा सम्पन्न आमचुनावमा ठूलो जनमतसहित विजयी भएकी आर्डेनले मन्त्रिपरिषद्लाई बढीभन्दा बढी समावेशी बनाउने प्रयत्न गरेकी छन्।

मन्त्रिपरिषद् गठनबारेमा राजधानी वेलिङ्टनमा प्रतिक्रिया दिँदै प्रधानमन्त्री आर्डेनले न्यूजील्यान्डका लागि आगामी तीन वर्ष निकै चुनौतीपूर्ण रहेको बताइन्। उनले विश्वका धेरै देशलाई समस्यामा पारेको कोभिड-१९ ले न्यूजीन्यान्डलाई पनि असर पार्ने भन्दै चिन्ता व्यक्त गरिन्।

नयाँ मन्त्रिपरिषद्लाई जतिसक्दो समावेशी बनाउने क्रममा आफूले योग्यतालाई पनि विशेषरूपमा ध्यान दिएको उनले स्पष्ट गरे।

प्रधानमन्त्री आर्डेनको दोस्रो कार्यकाल शुरू हुँदैछ। गत चुनावमा आर्डेनको लेबर पार्टीले ८७ प्रतिशत मतगणना भइसक्दा झन्डै ४९ प्रतिशत मत प्राप्त गरेका छन्। रासस

## पटाका प्रयोग नगर्न चेतनामूलक कार्यक्रम

प्रस, रौतहट, १७, कात्तिक/

पटाका प्रयोगविरुद्ध चेतनामूलक कार्यक्रम गढीमाई नगरपालिकामा सम्पन्न भएको छ। सामुदायिक प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत चेतनामूलक कार्यक्रम गढीमाई नपा-४ सङ्ग्रामपुर वडा कार्यालयमा गरिएको थियो।

कार्यक्रममा दीपावलीमा अत्यधिक पटाका पड्काउने हुँदा यस्ता कार्य नगर्न आग्रह गरिएको थियो। जथाभावी पटाका पड्काउँदा सङ्कट आइपर्ने हुँदा सचेत रहन प्रहरीले नागरिकलाई आग्रह गरेको थियो।

कार्यक्रममा गढीमाई नगरपालिकाका प्रमुख श्यामराय यादव, वडाध्यक्ष लगायतको सहभागिता थियो।

## दोषीलाई कारबाईको माग गर्दै प्रदर्शन




प्रस, रौतहट, १७ कात्तिक/

विजय राम, निरञ्जन राम र सुमित्रा देवी हत्याकाण्डविरुद्ध सङ्घर्ष समिति रौतहटले सोमवार गौरमा प्रदर्शन गरेको छ।

गौर नगरपालिकाको विपी चोकबाट निस्केको जुलुसले नगरपरिक्रमा गर्दै दोषीलाई कारबाईको माग गरेको थियो।

### मधेस केन्द्रित दलमा पहाडी अनुहारका नेता जरी लामाको उद्घोष

## आगामी चुनावमा जसपाले ठोरीमा सरकार बनाउँछ



जरी लामा

वीरगंजबाट ६५ किलोमिटर पश्चिममा रहेको अति नै सुन्दर र प्रकृतिको काखमा बसेको ठोरी गाउँपालिका। यो पर्सा जिल्लाको प्रमुख पर्यटकीय स्थल हो। इतिहास र प्राकृतिक सौन्दर्यले गर्दा पर्सा जिल्लामा मात्र नभई नेपालमैं ठोरीले आफ्नो छुट्टै पहिचान बनाएको छ।

ठोरीले धेरै प्रतिभालाई पनि जन्म दिएको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडी, पत्रकार, कलाकार जन्माइसकेको छ। तर राजनीतिकरूपमा भने राष्ट्रिस्तरमा दखल राख्ने नेताको अभाव छ। तर मुलुकका अधिकांश ठूला पार्टीमा यहाँका अगुवाहरूको जबरजस्त प्रभाव छ। यसैबीच, आगामी डेढ वर्षपछि मुलुकमा स्थानीय, प्रदेश र सङ्घीय चुनाव हुँदैछ। ठोरीको सुवर्णपुरका पूर्व गाविस अध्यक्ष जरी लामा पहाडी अनुहारका आदिवासी नेता हुन्। उनी मधेस केन्द्रित दल राजपाबाट गत चुनाव लडेका थिए। आउँदो चुनावमा उनको पार्टीको योजना के छ, यसै सेरोफेरोमा प्रतीककर्मी राधेश्याम पटेलले गरेको कुराकानी।

- तपाईंको राजनीतिक यात्रा कहिंलेबाट शुरू भयो ?

+ मैले आफ्नो राजनीतिक यात्रा २०४६ सालमा काङ्गेसबाट शुरू गरें र त्यो बेलादेखि आफ्नो गाउँसमाजमा निरन्तर सामाजिक कार्यमा जुटिरहें। फलस्वरूप तत्कालीन सुवर्णपुरका जनता र पार्टीले पनि मेरो कामको उचित मूल्याङ्कन गर्दै २०५४ मा गाविस अध्यक्षमा विजयी बनाउनुभयो। म विजयी भएपछि यहाँ बाटो, शिक्षा, खानेपानी र सरसफाइको अभियानमा अघि सरें र सबै कार्यमा सफल पनि भएँ।



ठोरी गाउँपालिकाको मनोरम दृश्य र कृषि योग्य भूमि।

- काङ्ग्रेस परित्याग गरेको कुरा सत्य कि झूटो ?

+ हो, मैले काङ्गेस पार्टी परित्याग गरें। किनकि काङ्ग्रेस आफ्नो अभियानबाट पछि हट्यो र लोकतन्त्रको खिल्ली उडायो।

- तपाईं ठूलो पद पाउन तत्कालीन राजपामा प्रवेश गर्नुभएको त होइन ?

+ मेरो मनमा पदको कुनै लोभ छैन। पदमा भएपनि जनताको सेवामा लागिरहनेछु। पदमा नभए पनि जनताको सेवा गर्नेछु। यतिखेर हामीलाई संविधान संशोधन चाहिएको छ। सरकारले तराईमा बसोबास गर्ने आदिवासी जनजाति, दलितको अधिकार खोसेको छ। मुलुक सङ्घीयतामा गएको झन्डै चार वर्ष हुन लाग्यो तर हामी अझै केन्द्रबाट हेपिएका छौं। प्रदेश सरकारलाई पनि केन्द्र सरकारले हेपेर राखेको छ। हामी प्रदेश २ मा बसोबास गर्ने जनता त केन्द्र सरकारबाट झनै हेपिएका छौं। नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को सरकारले संविधान संशोधन गर्छौं भनेर हामीलाई सरकारमा सहभागी गरायो तर हामीले नेकपा सरकारबाट धोका पायौं। त्यस्तै, काङ्गेसले पनि आशा दियो तर निराश पाऱ्यो। अब हामी यी दुई पार्टीको पछि नलागेर अब आउने चुनावमा जनता समाजवादी पार्टी नेपालको सरकार बनाउनेछौं र सबैको समस्या समाधान गर्नेछौं। जनता समाजवादी पार्टी नेपालको सरकारबाट कसैलाई केही गुनासो हुनेछैन।

- जसपाको सरकार ठोरी, प्रदेश र केन्द्रमा बनाउन के के पहल हुँदैछ ?

+ हेर्नुस्, नेपाली जनता अहिले वैकल्पिक शक्तिको खोजीमा छ। जुन शक्ति जसपा हो। काङ्गेस र नेकपा सरकारबाट नेपाल जनता निराश बनिसकेको छ। चुनावी प्रचारप्रसारमा नानाथरीका भाषण गरेर जनताको भरोसा जित्छन् र चुनाव जितेपछि जनताको मतको कदर गर्दैनन्। नेकपा सरकार पनि भ्रष्टाचारमा चुर्लुम्म डुबिसकेको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले समेत चुनाव प्रचारप्रसारमा जनतासँग गरेका प्रतिबद्धता तोडिसके। काङ्ग्रेसको हालत पनि त्यस्तै देखियो। जनतासँग गरेका प्रतिबद्धता पूरा गर्न नेकपा र काङ्ग्रेसको सरकार असफल भयो। धेरै भरोसा साथ जनताले नेकपालाई दुई तिहाइ मतदान गरेर सत्तामा पुऱ्यायो तर ओली सरकारले पनि जनतालाई निराश बनायो। अबको चुनावबाट सबै प्रदेशमा जसपाको सरकार बन्ने सम्भावना छ। ७७ वटै जिल्लामा जसपाले पार्टी कमिटी विस्तार गरिसक्यो। ती जिल्लाहरूमा मधेसी, आदिवासी जनजाति र पछाडि पारिएका समुदायको बाहुल्यता छ, उनीहरू ब्यूँझिसकेका छन्।

- ठोरी गाउँपालिकामा तपाईंहरूको अवस्था कस्तो छ ?

+ आगामी निर्वाचनमा ठोरी गाउँपालिकामा पनि जसपाको सरकार बन्नै पूरै सम्भावना छ। यहाँको स्थानीय सरकारको काम देखेर जनता आक्रोशित बनेको छ र ठोरी गाउँपालिकामा जसपा जिताउन हामी पनि विभिन्न अभियान चलाउँदै छौं।



ठोरीको रमणीय दृश्य। तस्वीरः प्रतीक

- आगामी चुनावमा जसपाले कस्तो उम्मेदवार छान्नुपर्छ ?

+ योग्य र समाजसेवी, जसको सबै धन नै जनता होस्, त्यस्ता व्यक्तिलाई जसपाले मूल्याङ्कन गरेर टिकट दिनुपर्छ।

## सीमा खोल्न नेका पर्साको माग

प्रस, वीरगंज, १७ कात्तिक/

लकडाउन अवधिमा सीमा सिल गरिएकोमा अब खुला गर्नुपर्ने माग गर्दै नेपाली काङ्ग्रेस पर्सा क्षेत्र नं १ समितिले जिल्ला प्रशासन कार्यालय, पर्सामार्फत मन्त्रिपरिषद्को कार्यालयमा ज्ञापनपत्र बुझाएको छ।



क्षेत्रीय सभापति अरविन्द गुप्ता नेतृत्वको टोलीले जिप्रका, पर्साका प्रमुख जिल्ला अधिकारी आसमान तामाङमार्फत मन्त्रिपरिषद्लाई ज्ञापनपत्र बुझाएको हो।

भारत सरकारले अन्तर्राष्ट्रिय सीमा खुला गरेको अवस्थामा नेपाल सरकारले सीमा खुला नगर्दा दुईतर्फी आवागमनमा समस्या भएको भन्दै नेपालतर्फको सीमा खुला गर्न ज्ञापनपत्रमार्फत आग्रह गरिएको छ। सीमा क्षेत्रमा दुवैतर्फका मानिसको आवतजावत सहज नभएकोले तत्काल सीमा खोल्न क्षेत्रीय सभापति गुप्ताले आग्रह गरे।

ज्ञापन बुझ्दै प्रजिअ तामाङले सम्बन्धित ठाउँमा ज्ञापनपत्र पठाउने बताए। उनले सीमाको समस्या स्थानीय प्रशासनबाट सम्भव नभएकोले केन्द्रीय निर्णय हुनुपर्ने भन्दै ज्ञापन सम्बन्धित ठाउँमा पठाउने आश्वासन दिए। टोलीमा मनोज महतो, गोपाल रौनियार, वीरेन्द्र महतो, वकील अन्सारी, सुधीर पटेललगायत सहभागी थिए।

# जातिको विकासको लागि एकजुट हुनुपर्छ –निषाद

प्रस, जीतपुर, १७ कात्तिक/

पूर्व ऊर्जा राज्यमन्त्री सत्यनारायण भगत निषादले निषाद जातिको खोला, नदीनजीकमा बस्दै आएको निषाद जातिले व्यवस्था परिवर्तनमा शहादत दिएको बताए। उनले अहिलेको सरकारले मुखिया, हरि सहनी, बैजनाथ सहनी, रङ्गीलादेवी सहनी, अनिषराज सहनीलगायतले मन्तव्य राखेका थिए।



पूर्वमन्त्री सत्यनारायण भगतलगायत र प्रतीककर्मी गम्भीरा सहनीलाई सम्मानित गरिँदै। तस्वीरः प्रतीक

राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक विकासको लागि जातिगत एकजुटता हुनुपर्ने बताएका छन्।

सोमवार नेपाल निषाद सङ्घ, रौतहटको जिल्ला सम्मेलनमा प्रमुख अतिथि निषादले सरकारविरुद्ध सशक्त सङ्घर्ष र आन्दोलन गर्नुपर्ने आवश्यकता औंल्याए। उनले प्राचीनकालदेखि नेपालको निषाद जातिलाई उपेक्षा गरेको आरोप पनि लगाए।

स्थानीय नेता हरि सहनीको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रमको सञ्चालन बैधनाथ सहनीले गरेका थिए।

कार्यक्रममा राहुल मुखिया, जयरामी सहनी, तेजप्रकाश निषाद, किशोरी

कार्यक्रममा निषाद समुदायका अग्रज पेशाकर्मीहरूलाई दोसल्ला ओढाएर सम्मानित गरिएको थियो। सो क्रममा प्रतीककर्मी गम्भीरा सहनी पनि सम्मानित भएका थिए।

सम्मेलनको उद्घाटन समारोह सम्पन्न भएको र बन्दसत्र जारी रहेको आयोजक रघुनाथ सहनीले बताए।

# १७ जना सङ्क्रमित थपिए

प्रस, वीरगंज, १७ कात्तिक/

नारायणी अस्पताल वीरगंजको प्रयोगशालाले सोमवार पर्सा, बारा, रौतहटका गरी १७ जना थप सङ्क्रमित पुष्टि गरेको छ।


पिसिआर परीक्षण गर्दै स्वास्थ्यकर्मी। तस्वीरः फाइल/प्रतीक

जिल्ला प्रशासन कार्यालय, पर्साका प्रशासकीय अधिकृत विनयकुमार श्रीवास्तवले अस्पतालको प्रयोगशालामा ९६ जनाको स्वाब नमूना परीक्षण गरिएकोमा रौतहटका १, बाराका ३ र पर्साका १३ जना गरी १७ जना थप सङ्क्रमित पुष्टि भएको बताए।

पर्सामा विन्ध्यवासिनी गाउँपालिकाका १ जना र बाँकी १२ जना वीरगंज महानगरका विभिन्न वडाका सङ्क्रमित रहेको प्रशासकीय अधिकृत श्रीवास्तवले बताए।

यसैबीच, कोरोना सङ्क्रमण पुष्टि भएपछि आज एकजनाको मृत्यु भएको छ। धोबिनी गापा–४ लङ्गडीका ५० वर्षीय पुरुष अस्वस्थ भएर नारायणी अस्पतालमा भर्ना भएका थिए। सोमवार दिउँसो भर्ना भएका उनको स्वाब सङ्कलन गरी परीक्षण गर्दा कोरोना पुष्टि भएको थियो।

कोरोना सङ्क्रमित रिपोर्ट आएको आधा घण्टापछि उनको मृत्यु भएको नारायणी अस्पतालका डा. उदयनारायण सिंहले बताए।




## खेलकुदको संसार

# नकआउट क्रिकेटः बहुअर्वा क्रिकेट टीम विजयी

प्रस, पर्सागढी, १७ कात्तिक/

नकआउट क्रिकेट प्रतियोगिता अन्तर्गत सोमवार भएको खेलमा बहुअर्वा क्रिकेट टीमले महुवा क्रिकेट टीमलाई ७ रनअन्तरले पराजित गरेको छ।


तस्वीरः प्रतीक

पर्सागढी नगरपालिका–४ स्थित नेरामावि बर्वाछोटैलीको खेलमैदानमा टस जिती ब्याटिङ रोजेको बहुअर्वा क्रिकेट टीमले १० विकेट गुमाइ १३९ रन बनाएको थियो।

प्रतिउत्तरमा महुवा क्रिकेट टीमले १० विकेट गुमाइ १२१ रनमा सीमित भयो। खेलको 'म्यान अफ दि म्याच' बहुअर्वा क्रिकेट टीमका सन्तोष कार्की भए। उनले २० बलमा ४६ रन बनाउनुका साथै चार ओभर बलिङ गर्दै चार विकेट लिएको आयोजक बर्वाछोटैली क्लबका अध्यक्ष आलोक सिंहले जानकारी दिए। कार्कीलाई नेरामावि बर्वाछौटैली व्यवस्थापन समितिका अध्यक्ष अच्छेलाल यादवले नगद पुरस्कारले सम्मानित गरेका थिए।

# सडक, नाला निर्माणको माग गर्दै बाटो अवरोध

धर्मेन्द्र चौरसिया, पोखरिया, १७ कात्तिक/

पोखरिया नगरपालिका–१० शिवबर्वाको चरिहर्वाटोलमा स्थानीयले सडक, नालाको निर्माण कार्य शुरू गर्नुपर्ने भन्दै सडकमा घेराबार लगाएका छन्।

सघन शहरी विकास कार्यालयले रु ३ करोडको ठेक्कामा सो टोलमा सडकको दायाँ/बायाँ ५/५ सय मिटर लम्बाईको नाला र ७ सय मिटर बाटो माटो ग्रेभलको लागि ठेक्का गरेको थियो। ठेक्का सकार भएपछि सो टोलमा ३० फिट सडक र नालाको लागि अतिक्रमित घर, टहरा भत्काउने काम पनि भयो। टोलवासीहरूले एक महीनाअगाडि विकास निर्माणको लागि अतिक्रमित घर, टहरा हटाएका थिए। तर ठेकेदारले निर्माणको लागि खसालेको छड कात्तिक १६ गते आइतवार ट्याक्टरमा लोड गरी अन्यत्र


पोखरिया–१० शिवबर्वाको चरिहर्वाटोलमा लगाइएको छेकबार। तस्वीरः प्रतीक

लैजाने क्रममा गाउँलेहरूले अवरोध गरेका थिए। उनीहरूले अतिक्रमित क्षेत्र खाली गरेपछि सडक, नाला निर्माण शुरू गर्नुपर्ने माग राख्दै टोलमा बाँसको घेरा लगाएर सवारीसाधन आवतजावत बन्द गराएका छन्।

ठेकेदारले निर्माण सामग्री लैजाने भयले उनीहरूले सो कार्य गरेको बताएका छन्।

वडाध्यक्ष सोनालाल साह गोडले ठेक्का लागे पनि ठेकेदारसँग सम्झौता नभएको कारण काम शुरू नभएको बताए। उनले एक/दुई दिनमा सम्झौता हुने र काम शुरू हुने जानकारी गराए।

# उत्तम तिवारी पक्राउ

प्रस, वीरगंज, १७ कात्तिक/

पर्सा प्रहरीले मुकेश चौरसिया हत्या मुद्दाका एकजना फरार आरोपितलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा पर्सा, विन्ध्यवासिनी गाउँपालिका–५ प्रसौनीका ३५ वर्षीय उत्तम तिवारी रहेका छन्। उनलाई प्रहरीले वीरगंज–१६ इनर्वाबाट आइतवार साँझ पक्राउ गरेको प्रहरी उपरीक्षक गङ्गा पन्तले जानकारी गराइन्। तर समाचार स्रोतका अनुसार भारतीय प्रहरीको सहयोगमा पर्सा प्रहरीले तिवारीको ससुराली बिहार, पूर्वी चम्पारण अरेराजबाट पक्राउ गरेको चर्चा छ।

मुकेशको हत्या मुद्दामा उत्तम तिवारी भन्ने निरञ्जन तिवारीमाथि किटानी जाहेरी परेको छ। उत्तमका भाइ चिन्टु तिवारी भन्ने शङ्कर तिवारी अहिले पनि फरार छन्। कात्तिक ६ गते बिहीवार झडप हुँदा सामान्य घाइते भएका उत्तम र चिन्टु उपचारको क्रममा प्रहरीलाई



झुक्याएर आकस्मिक कक्षबाट आइसियूमा सिफ्ट हुने क्रममा नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पतालबाट फरार भएका थिए।

मुकेश हत्याकाण्डमा पूर्वसभासद् राजकुमार गुप्तासहित १२ जनामाथि किटानी जाहेरी दर्ता भएकोमा देवा सहनी, हनिफ मियाँ र उत्तम तिवारी गरी तीनजना पक्राउ परिसकेका छन् भने ९ जना अझै फरार छन्।

# मोटरसाइकलको ठक्करबाट बालिकाको मृत्यु

प्रस, रौतहट, १७ कात्तिक/

मोटरसाइकलको ठक्करबाट रौतहटमा ५ वर्षीया बालिकाको मृत्यु भएको छ।

आइतवार बिहान साढे ८ बजे भारतीय नम्बरको मोटरसाइकलको ठक्करबाट मौलापुर नगरपालिका–३ गम्हरियाका कृष्णानन्दनराय यादवकी ५ वर्षीया छोरी अंशुकुमारी यादवको मृत्यु भएको वडासदस्य राजकिशोर यादवले बताए।

ठक्करबाट घाइते अंशुलाई उपचारको लागि नारायणी वयोधा अस्पताल वीरगंजमा भर्ना गरिएकोमा उपचारको क्रममा हिजो दिउँसो मृत्यु भएको थियो। मोटरसाइकल चालक गुजरा नगरपालिका, हरिहरपुर बस्ने रहमान मियाँलाई प्रहरीले नियन्त्रणमा लिएको छ। उनीसँगै मोटरसाइकल पछाडि बस्ने व्यक्ति पनि घाइते भएका छन्। उनीहरूको उपचार भइरहेको प्रहरीले जनाएको छ।

## सूचना माग्दा.....

उनीहरूलाई घर पठाएको प्रहरी नायब उपरीक्षक मनोजित कुँवरले बताए। सो कार्यालयबाट गलत सूचना आफूलाई प्राप्त भएकोले प्रहरीले सोही अनुसार बुझ्न जिल्ला प्रहरी कार्यालय पर्सामा ल्याएको प्रनाउ कुँवरले बताए।




स्वच्छ र व्यवस्थित वीरगंजको लागि प्रहरी साझेदारी
- कोभिड-१९ सङ्क्रमण नियन्त्रण तथा रोकथामको लागि आफू पनि सचेत रहौं र अरूलाई पनि सचेत पारौं। - फूटपाथमा जथाभावी पसल नराखौं। - मास्क र पञ्जा प्रयोग गरौं।
- अनावश्यक भीडभाड नगरौं। - जथाभावी पार्किङ नगरी महानगरले तोकेको स्थानमा मात्र पार्किङ गरौं। - वन-वे, टु-वे नियम पालना गरौं। - चौपायाहरू जथाभावी बजारमा नछोडौं।
- जथाभावी फोहर नफालौं, आफ्नो घर, पसलको फोहर डस्टबिनमा फालौं। - तरकारी, फलफूल जथाभावी फूटपाथमा नबेचौं।